# बेनी नगरपालिका

# सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७

प्रमाणिकरण मितिः २०७७।०२।०२

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

## सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७७

### पृष्ठभूमीः

नेपाल सरकारको संविधानद्वारा प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन, सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालयको माग (प्रस्ताव) को आधारमा सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको संविधानद्वारा प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ ज (१४) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्वन्धी अधिकार तथा बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ४० उपदफा १ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाद्वारा **सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७७** जारी गरेको छ ।

### लक्ष्य

विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गरी विद्यालयको समग्र पक्षको विकासमा सहयोग पुऱ्याउन सबै सामुदायिक विद्यालयहरुलाई प्राथमिकताको आधारमा क्रमशः एकमुष्ठ अनुदान वितरण गर्दै जानेछ ।

### उद्देश्य

१. प्रचलित कानुनको अधिनमा रही विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गरी विद्यालयको समग्र पक्षको विकासमा सहयोग पुऱ्याउने ।
२. विद्यार्थीलाई प्रोत्साहन अनुदान वितरण मार्फत् उनीहरुको सर्वपक्षीय विकास र सिकाई उपलब्धी अभिवृद्धी गराउने ।
३. विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक सक्षमता बलियो बनाउने ।
४. कुनै पनि तहमा स्वीकृत दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुको तलब व्यवस्थापन, सञ्चालन र विकासमा सघाँउ पुऱ्याउने ।

### अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरु

१. विद्यालय सुधार योजना प्रत्येक बर्ष अद्यावधिक गरेको हुनपर्ने ।
२. लेखा परीक्षण र सामाजिक परीक्षण प्रतिवेदन पेश गरेको हुनुपर्ने ।
३. तथ्याङ्क IEMIS तोकिएको समयमा अद्यावधिक गरेको हुनुपर्ने ।
४. सम्बन्धित विद्यालयको कुनै तहमा स्वीकृत दरबन्दी र राहत शिक्षक अनुदान प्राप्त नगरेको हुनुपर्ने ।
५. विद्यालय व्यवस्थापन समिति गठन भई नियमित बैठक बसेको हुनुपर्ने ।
६. विद्यालय व्यवस्थापन समितिको बैठकबाट प्रस्ताव पेश गर्ने र प्रस्तावनाको आधारमा खर्च गर्ने निर्णय भएको हुनुपर्ने ।

७. प्रचलित ऐन नियम बमोजिम सम्वन्धित निकाय/कार्यालयबाट सञ्चालन अनुमति लिएको हुनुपर्ने ।

**विद्यालय छनौट प्रक्रिया**

१. विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गरी विद्यालयको समग्र पक्षको विकासमा सहयोग पुऱ्याउन सबै सामुदायिक विद्यालयलाई प्राथमिकताको आधारमा क्रमशः एकमुष्ट अनुदान वितरण गर्दै जाने नीति नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा स्वीकृत बजेट समावेश भएको हुनुपर्ने ।

२. विद्यालयले अद्यावधिक विद्यालय सुधार योजना र प्रस्तावनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गरी विद्यालयका समग्र पक्षको विकासमा सहयोग पुऱ्याउने खालका प्रस्ताव र वडा कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्ने ।

३. सम्वन्धित शाखाबाट सिफारिस सहित प्राप्त निवेदन, आवश्यक कागजात छानविन गरी योजना शाखामा सिफारिस गरी पठाउने ।

४. योजना शाखाबाट कार्यविधि बमोजिम विद्यालय सञ्चालन गर्न करार सम्झौता गर्ने र अनुदान निकाशा दिने ।

५. सम्वन्धित तहबाट बार्षिक एकमुष्ठ अनुदान प्राप्त गरी सञ्चालन भएका विद्यालयहरुको तोकिएको ढाँचामा अनुगमन गरी सोको प्रतिवेदन पेश गर्ने ।

**विद्यालयले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यालय अनुमति पत्रको प्रतिलिपी
२. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
३. चालु शैक्षिक सत्रको विद्यार्थी विवरण
४. अद्यावधिक गरेको विद्यालयको बार्षिक कार्य योजना र विद्यालय सुधार योजनाको प्रतिलिपी
५. अघिल्लो बर्षको लेखा परीक्षण र सामाजिक परीक्षण प्रतिवेदन प्रतिलिपी
६. स्वीकृत दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयको व्यवस्थापन, सञ्चालन र विकासमा सघाँउ पुऱ्याउने कार्यक्रम भए निजी स्रोतमा राखिएका शिक्षक कर्मचारीको नियुक्ति तथा शैक्षिक योग्यता सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपी
७. बार्षिक एकमुष्ठ अनुदान सम्बन्धमा अनुरोध गरेको प्रस्ताव सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको निबेदन ।